नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

प्रेस विज्ञप्ति

सप्तकोशी उच्च बाँध बहुउद्धेशीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाईभर्सन आयोजनाको अध्ययन सम्बन्धमा गठित नेपाल - भारत संयुक्त विज्ञ टोलीको मिति २०८० आश्विन २२-२४ मा सत्रौँ बैठक नेपालको विराटनगरमा सम्पन्न भयो । नेपाल सरकारको तर्फबाट विधुत विकास विभागका महानिर्देशक श्री चिरञ्जीवी चटौत र भारत सरकारको तर्फबाट केन्द्रिय जल आयोगका नदी प्रबन्धक सदस्य तथा अतिरिक्त सचिव श्री पि. एम. स्कट द्वारा संयुक्त रुपमा बैठकको नेतृत्व गर्नु भयो ।

उक्त बैठकमा संयुक्त जलस्रोत समिति (जे.सि.डब्लु.आर.) को नवौँ बैठकको निर्देशन बमोजिम आयोजनाबाट तयार गरिएको परिमार्जित आकार प्रकार सम्बन्धी अध्ययनको प्रतिवेदन प्रस्तुत भई सो उपर विस्तृत रुपमा छलफल हुँदा सप्तकोशी आयोजनाको डुवान क्षेत्र, माथिल्लो तटीय क्षेत्रमा प्रस्तावित/संचालित गरिएका आयोजनाहरु, सामाजिक तथा वातावरणीय र प्राविधिक पक्षहरुलाई समेत मध्यनजर गरि बाँधको ऊचाइलाई घटाउने सहमति भयो । सिसौलीमा प्रस्तावित रि-रेगुलेटिङ ब्यारेजको विकल्पमा उपयुक्त नयाँ स्थानमा रि-रेगुलेटिङ ब्यारेजको साथै नेपाली भुभागमा सिँचाई सम्बन्धी अध्ययन कार्य जलस्रोत तथा सिँचाई विभाग (नेपाल)को सहकार्यमा अगाडी बढाउने सहमति भयो । भौगर्भिक अध्ययन, वातावरणीय प्रभाव मूल्याङकन र पूनर्वास तथा पूनर्स्थापन अध्ययन, Flood Benefit अध्ययन जस्ता महत्वपुर्ण बाँकी अध्ययन कार्यहरुलाई प्राथमिकरण गरी ३० महिनामा विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सहमति भएको छ ।

२०८०।६।२५

(नवीन राज सिंह)
सहसचिव एवम् प्रवक्ता